# लिलाम विक्री सम्बन्धी ७ दिने सूचना

**प्रकाशित मिति : २०८१/०४/२९ गते**

यस महालक्ष्मी विकास बैंक लि. तपसिलमा उल्लेखित विभिन्न शाखाहरुबाट तपाईं ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नभएकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न **मिति २०८०/१२/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना र मिति २०८१/२/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने लिलाम विक्री सम्बन्धि सार्वजनिक सूचना प्रकाशित** गरी ऋणी, व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, व्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पती समेत जहाँ जे जस्तो अबस्थामा छ सोही अबस्थामा यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ। सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम वोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। साथै यस सूचना बमोजिम धितो लिलाम विक्री हुन नसकेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

## रुकुम शाखा :

**१. ऋणी : श्री गनबहादुर कामी (ना.प्र.नं. : २४४(०२९)/२६८६, जारी मिति : २०६२/८/१९, रुकुम)**

बाबु : श्री बलबहादुर कामी, बाजे : श्री तुले कामी

ठेगाना : जिल्ला रुकुम, खारा गा.वि.स. वडा नं. : –७, हाल : जिल्ला रुकुम (पश्चिम), त्रिवेणी गा.पा. वडा नं. ०५, जिवाङ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

क) श्री गनबहादुर कामी, बाबु : श्री बलबहादुर कामी, बाजे : श्री तुले कामी
ठेगाना : खारा गा.बि.स. वडा नं.–७ रुकुम, हाल : त्रिवेणी गा.पा.-०५, जिवाङ, रुकुम (पश्चिम)

ख) श्री टीका कामी, बुबा : श्री लालबहादुर सुनार, पति : श्री गनबहादुर कामी, ससुरा : बलबहादुर कामी
ठेगाना : खारा गा.बि.स. वडा नं.–७ रुकुम, हाल : त्रिवेणी गा.पा.-०५, जिवाङ, रुकुम पश्चिम

कर्जा : महालक्ष्मी होम ईक्वीटी कर्जा आवधिक

**धितो सुरक्षणको विवरण :**

श्री तुले कामीको नाति, श्री बल बहादुर कामीको छोरा, जिल्ला रुकुम, खारा गा.वि.स. वडा नं. ७, बस्ने वर्ष ३५ को श्री गनबहादुर कामीको नाममा मालपोत कार्यालय रुकुम (पश्चिम)मा दर्ता रहेको रुकुम जिल्ला, खारा गा.वि.स. वडा नं. ७ स्थित कि.नं. २३८, ३८३, १२७, १२८० र १२९ को क्षेत्रफल क्रमशः १२१०, ४६५, १२४५, ५७० र ६७५ बर्ग मिटर को घर/जग्गा तथा सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकवोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ
३. बोलपत्र स्विकृतवालाले बैकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुने छ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ।
५. कारणबस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गर्नु हुन।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/५/४ गते मंगलबार (कार्यालय समय भित्र) (मिति २०८१/५/३ गते सार्वजनिक विदा परेकोले)**

**खोलिने मिति : २०८१/५/५ गते बुधबार**

**स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालय**


**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

**कर्जा असुली विभाग** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com


Size: 3x22